म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ४६ बिहीबार २८ भदौ २०८० ने. सं. ११४३ गुँलागा 14 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# निःशुल्क अध्यापन गराउँने तयारीमा मदन भण्डारी विश्वविद्यालय

निशा गुरुङ

हेटौंडा २० भदौ/ मकवानपुरको चित्लाङमा स्थापना गरिएको मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले आगामी मंसिर १५ गतेदेखि जैविक कृषि विषयमा स्नातकोत्तर र विद्यावारिधिको पढाइ सुरु गर्ने भएको छ । थाहा नगरपालिका-९ चित्लाङमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले पठनपाठन सुरु गर्नका लागि भवन, प्रयोगशाला लगायतका पूर्वाधार निर्माण गरिरहेको छ ।



संघीय सरकारको करिव १ अर्व ३९ करोड रुपैयाँको लागतमा गत आव २०७९ साउन १८ गतेपछि निर्माण कार्य सुरु भएको विश्वविद्यालयले हालसम्म ८९ करोड प्राप्त गरिसकेको छ । '११ सय वर्गमिटरको दुईवटा भवन पूर्णरुपमा तयार भईसकेको छ । अर्को ४१ सय वर्गमिटरको भवन बैशाखसम्ममा तयार हुन्छ, 'विश्वविद्यालय विकास समितिका अध्यक्ष राजेन्द्रध्वज जोशीले भने, 'मंसिर १५ गतेदेखि पढाइ सुरु गर्ने निर्णय गरेका छौं ।'

उनका अनुसार विश्व विद्यालयमा विद्यावारिधिको तीन वर्षीय कोर्ष, अनुसन्धानमुखी स्नाकोत्तर दुईवर्षे, जैविक कृषि, वनपैदावार, पर्यटनपूर्वाधार, डाटा साईन्स र आर्टिफिसिएल ईन्टेजेन्स ५ वटा विषयमा विद्यावारिधि र स्नाकोत्तर कार्यक्रम सुरु गर्ने योजना छ । अध्यक्ष जोशीका अनुसार पढाई सुरु गर्नका निम्ति आवश्यक भवनहरु बनिसकेको र बन्ने क्रममा रहेको हुँदा प्रयोशालाहरु पनि बनेको र बन्ने प्रक्रियामा रहेको छ । सम्पूर्ण तयारी पूरा नभएपनि तयारी पनि जारी राख्ने र पढाई सञ्चालन मंसिर १५ देखि नै सुरु गर्ने निर्णय भएको अध्यष जोशीले बताए ।

विश्वविद्यालयले विद्यार्थीका निम्ति छात्रावास भने निर्माण गरेका छैन । काठमाडौंबाट चित्लाङसम्म पुग्न समय नलाग्ने हुनाले आवासको आवश्यकता नदेखिएको उनको भनाई छ । 'विश्वविद्यालयको निम्ति आवासको व्यवस्था भइदिए राम्रो हुन्थ्यो भन्ने कुरा हो । तर, स्रोतले पनि नभ्याउने भएपछि हामीले आवास निर्माण गरेनौं,' अध्यक्ष जोशीले भने, 'बाहिरी पाहुनाहरु आउँदा राख्ने अतिथिगृह भने निर्माण गर्ने हाम्रो तयारी छ ।'

चित्लाङको ताकाटारमा मदन भण्डारी विज्ञान प्रविधि विश्वविद्यालय निर्माण गरिएको हो । सरकारले १ सय ८० रोपनी जग्गाको भोगाधिकार विश्वविद्यालयलाई दिइसकेको छ । वनसम्बन्धी काम गर्ने फार्म बनाउनका लागि जंगल र थप जग्गा आवश्यक पर्ने भएकाले विश्वविद्यालयले ८ सय रोपनी जग्गाको भोगाधिकार उपलब्ध गराउन प्रक्रिया सुरु गरिएको छ ।

विश्वविद्यालयले मंसिर १५ मा ३२ जना विद्यार्थीलाई मात्र भर्ना प्रक्रिया सुरु गरिएको छ । फरक सोचाई विज्ञान र प्रविधिको क्षेत्रमा काम गरेर ज्ञान र प्रविधि विकास गर्न सबैभन्दा राम्रा विशिष्ट विद्यार्थीहरु नेपालमै बस्न पहिलो ३२ जनाको संख्या निर्धारण गरिएको छ । पछि बिस्तारै विद्यार्थी संख्या बढाएर लैजाने विश्वविद्यालयको तयारी छ । '१२ पास हुनेवित्तिकै विदेश गईहाल्ने चलन बसेको छ नेपालमा । नेपाललाई विद्यार्थीहरुले पत्याउनै छाडिसके,' अध्यक्ष जोशीले भने, 'त्यसकारण सीमित विद्यार्थीलाई भएपनि आकर्षित गर्नका लागि भएपनि स्नाकोत्तरमा २५ हजार छात्रावृत्ति, विद्यावारिधिका लागि ३० हजार र फि समेत लिदैनौं ।' स्रोत समेत नभएको विश्वविद्यालयले शुल्क नलिनु चुनौती रहेपनि स्रोतको व्यवस्थापन गर्ने जनाइएको छ ।

अध्यक्ष जोशीका अनुसार विश्वविद्यालयका लागि अध्यापन गराउनका लागि अनुसन्धान गर्न सक्ने र अनुसन्धानका निम्ति स्रोत जुटाउन सक्ने प्रतिस्पर्धाबाट त्यस्ता क्षमता भएका प्राध्यपकहरु राखिने भएको छ । नेपालका मात्र प्राध्यापकले नपुग्ने हुँदा विदेशबाट पनि ल्याउने उनले बताए । विश्वविद्यालयले अनुसन्धान गर्न र उत्पादनलाई समेत सहयोग गर्न उद्योगहरुसँग छलफल गर्दा लार्के हिमाल जटिवुटी उद्योगसँग सहमति नै भईसकेको र त्यसका निम्ति उद्योगले अनुसन्धान गर्ने र प्राविधिक सहयोग जुटाउने दुईजना पिएचडीका विद्यार्थी र मास्टर्स डिग्रीका एकजना विद्यार्थीलाई छात्रावृत्ति दिने व्यवस्था रहेको बताईएको छ ।

हाल ३२ जना विद्यार्थीलाई अध्यापन सुरु गर्ने तयारी गरेको विश्वविद्यालयले १८ वर्षसम्ममा ३ हजार विद्यार्थी पुऱ्याउने लक्ष्य लिएको छ । ३ हजार विद्यार्थीलाई अध्यापन गराउन ३ सयको हाराहारीमा प्राध्यापक चाहिने विश्वविद्यालयले जनाएको छ । हाल सरकारले कुनै दरबन्दी नदिएको र विश्वविद्यालय आफैंले ऐननियम निर्माण नगरि सकेको अवस्थामा प्राध्यापक नै नभएको र ११/१२ जना विज्ञहरु करारमा लिएको जनाएको छ ।

**आफैं स्रोत उठाउँदै**

सरकारको लगानी भएपनि विश्वस्तरीय विश्वविद्यालय निर्माण गर्न लागेको हुँदा सरकारको लगानीले मात्र नपुग्ने भएकोले विश्वविद्यालय आफैंले स्रोत खोजी गर्दै आएको छ । अध्यक्ष जोशीका अनुसार विश्वविद्यालयले साधारण समाजका व्यक्तिहरु र समाजसेवीबाट हालसम्म ३० लाख उठाइसकेको छ । अमेरिकामा विश्वविद्यालयले एभरेष्ट फन अफ साईन्स एण्ड टेक्नोलोजी नामक अर्गनाईजेशन खडा गरेर पैसा उठाउँन सुरु गरि सकेको जोशीले बताए ।

अहिले विद्युत् आवश्यक नपरेकाले विद्युत् प्राधिकरणको ११ केभी प्रसारण लाइनमा जोडिएको छ । विश्वविद्यालयले प्राधिकरणलाई प्रतियुनिट ५ रुपैयाँ ८४ पैसामा विक्री गरेको जनाएको छ । सय वटा सोलार प्यानलबाट ५ सय किलोवाट विद्युत् उत्पादन हुन्छ । जोशीका अनुसार विद्युत बेचेर दैनिक ७ हजार सम्म आम्दानी गर्नसक्ने अवस्था छ ।

# सञ्चो हस्पिटलका चिकित्सकमाथि कुटपिट



साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ हेटौंडा-१, स्थित सञ्चो हस्पिटल प्रालिका चिकित्सकमाथि एक समूहले निर्घात कुटपिट गरेको छ । केही समयअघि चितवनमा मृत्यु भएको एक बिरामीको पक्षमा आएको समूहले अस्पतालभित्रै रहेका डाक्टरमाथि कुटपिट गरेका हुन् ।

डाक्टरको लापरबाहीका कारण बिरामीको मृत्यु भएको आरोप लगाउँदै चिकित्सकमाथि कुटपिट भएको हो । सार्वजनिक सिसिटिभी फुजेटअनुसार एक महिलाले चिकित्सकलाई कुटपिट गर्न सुरु गर्छिन् । समूहमै रहेका एक पुरुषले अर्का चिकित्सकलाई पनि लछार्दै कुटपिट गरेको देखिन्छ । सञ्चो अस्पतालमा बिरामी हेरेर फर्किने क्रममा हेटौंडा अस्पतालमा कार्यरत एनेस्थेसिया विभागका डा. प्रशान्त विडारी र सञ्चो अस्पतालमा कार्यरत डा. विकास थापामाथि केही युवाहरुले हातपात गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

प्रहरीका अनुसार गत २५ साउन डेंगुबाट मृत्य भएका हेटौंडा-१२ का राजेश प्रधानका आफन्तले चिकित्सकमाथि कुटपिट गरेका हुन् । कुटपिटबाट डा. विडारीको आँखा र अनुहारमा चोट लागेको छ । डा. थापाको गाला र अनुहार सुनिएको छ । एक महिनाअघि डेंगुका कारण मृत्यु भएका प्रधानको उपचारमा चिकित्सकले लापरबाही गरेको मृतकका आफन्तको आरोप छ । उपचारमा लापरबाही गरेको भन्दै एक महिनापछि मृतकका आफन्तले चिकित्सकमाथि कुटपिट गरेका हुन् । प्रधानको चितवनको नयाँ मेडिकल कलेजमा उपचारका क्रममा २५ साउनमा मृत्यु भएको थियो । त्यसअघि प्रधानलाई उपचारका लागि सन्चो अस्पतालमा भर्ना गरिएको थियो ।

सञ्चोमा उपचार हुन नसक्ने भन्दै प्रधानलाई चितवन लगिएको थियो । प्रधानलाई दोस्रोपटक डेंगु संक्रमण पुष्टि भएको थियो भने उनलाई मधुमेह र उच्च रक्तचापको समस्या पनि रहेको थियो । सोही घटनालाई लिएर प्रधानका आफन्तले चिकित्सकद्वयमाथि कुटपिट गरेका थिए । घटनापश्चात प्रहरीले दुवैपक्षलाई राखी छलफल गराएको थियो । तर, छलफलमा सहमति जुटन नसकेपछि दुवै पक्ष कानुनी प्रक्रिया जाने भएका छन् । प्रवक्ता भण्डारीका अनुसार डा. विडारी र डा. थापाले जाहेरी दिएपछि थप कानुनी प्रक्रिया अघि बढाइने भएको छ ।

नेपाल स्वास्थ्यकर्मी संघले यो घटनाको निन्दा गर्दै बिज्ञप्ती जारी गरेको छ । संघका जिल्ला उपाध्यक्ष सुधीर दाहालले जारी गरेको बिज्ञप्तीमा चिकित्सक माथि उत्छृङ्खल जमातले गरेको सांघातिक आक्रमणको संघ घोर भत्सर्ना गर्दछ । यस किसिमको गतिबिधिले स्वास्थ्य क्षेत्रमा गंभीर असर पुऱ्याउने भएकोले स्वास्थ्य क्षेत्रको संबेदनशीलतालाई मध्य नजर गर्दै दोषीमामाथि हदैसम्मको कारबाही गर्न बिज्ञप्तीमा माग गरिएको छ ।

यसैगरी नेपाल औषधि व्यवसायी संघ मकवानपुरले पनि यो घटनाको घोर आपत्ती जनाउँदै बिज्ञप्ती जारी गरेको छ । संघका उपाध्यक्ष संघर्ष गुरुङले जारी गरेको बिज्ञप्तीमा स्वास्थ्यकर्मी तथा औषधि व्यवसायीको सुरक्षाको ग्यारेन्टी नभएको खण्डमा आन्दोलनमा उत्रने चेतावनी पनि दिइएको छ । अस्पताल जस्तो सम्बेदनशील क्षेत्रमा बिरामीको उपचार गरिरहेका चिकित्सकमाथि भएको सांघातिक आक्रमणले मकवानपुरको स्वास्थ्य क्षेत्रमा गंभीर असर पुगेको बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

# संघ सरकारविरुद्ध अदालत जाने बागमती प्रदेशको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ बागमती प्रदेश सरकारको बुधवार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न ५ वटा निर्णय गरेका छ ।



मन्त्रिपरिषद्ले संघीय सरकारविरुद्ध रिट दायर गर्नेदेखि कर्मचारीको बढुवा र नियुक्तिसम्बन्धी निर्णय गरेको हो । प्रदेश सरकारले सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० प्रदेशसभामा पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । नेपालको संविधान अनुसूची ६ मा प्रदेशको एकल अधिकार सूचीमा सवारी साधन कर र यातायात र प्रदेश लोकमार्ग उल्लेखित भएको भन्दै संघीय सकारले संविधानविपरित नयाँ कानुन ल्याएर अधिकार मिच्न खोजेको भन्दै बागमती सरकार अदालत जाने भएको छ । 'प्रदेशको उल्लेखित एकल अधिकारमा संकुचन आउने गरी संघीय संसदबाट 'सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९' पारित भई मिति २०७९/६/९ मा नेपाल राजपत्रमा प्रकाशित भएको छ ।', निर्णयमा भनिएको छ ।

उक्त ऐनको दफा १२ को उपदफा ९१० मा दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय राजधानी सहरी क्षेत्रको सार्वजनिक यातायात सेवालाई नियमन तथा व्यवस्थापन गर्न संघीय सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण स्थापना गरिनेछ भन्ने व्यवस्था रहेकोले सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासमा नेपालको संविधानसँग बाझिएको ऐन बदर गर्ने माग दाबीसहित बागमती प्रदेश सरकारको तर्फबाट श्रम, रोजगार तथा यातायात मन्त्रालयले रिट निवेदन दता गर्ने निर्णय गरेको आन्तरिक मामिला तथा कानुनमन्त्री एवं सरकारका प्रवक्ता गंगानारायण श्रेष्ठले जानकारी दिए ।

यसैगरी, प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको सदस्यमा दोलखा कालिञ्चोक गापाका डा.प्रदीपकुमार मैनालीलाई नियुक्ति गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्ले प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २६ को उपदफा ९१० बमोजिम बागमती प्रदेशसभाको सचिवालय सचिव पदमा पूर्णबहादुर दर्जी, अधिकृतस्तर एघारौं तहलाई सरुवा गर्ने, र पूर्वसभामुख, संविधानसभाका अध्यक्ष तथा प्रतिनिधिसभाका सदस्य सुवासचन्द्र नेम्वाङको हृदयघातका कारण असमायिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जलीसहित परिवाजनप्रति गहिरो समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गरिएको सरकारका प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

# ४८ दिनमा ९० लाख सडक कर संकलन




साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/हेटौंडा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा बजार क्षेत्रको बाइपास सडक शुल्क उठाउन ठेक्का लागेको छ । हेटौंडा उपमहानगरपालिकाले ई-बिडिङमार्फत काठमाडौंको सुदीपा ट्रेडिङ कम्पनी प्रालिको प्रस्तावलाई स्वीकृत गरी सम्झौता गरेको छ । सुदीपाले ४ करोड २८ लाख ८९ हजार रुपैयाँ सडक शुल्क उठाउने सम्झौता गरेको छ ।

बाइपास सडक कर हेटौंडा उपमहानगरको प्रमुख आयस्रोतको रुपमा रहेको छ । चालु आर्थिक वर्षको ४८ दिन भने उपहानगर पालिकाले आफैं सडक कर संकलन गरेको थियो । ४८ दिनमा उपमहानगरले ९० लाख रुपैयाँ कर संकलन गरेको छ । चालु आर्थिक वर्षमा उपमहानगरले बाइपास सडक करमा झण्डै दोब्बर वृद्धि गरेको छ ।

विदेशी टेलर/लहरी १० चक्के वा सो भन्दा बढीको कर पाँच सय रुपैयाँबाट बढाएर एक हजार रुपैयाँ बनाइएको छ । विदेशी बस, ट्रक १० चक्के भन्दा कमका लागि तीन सय रुपैयाँबाट बढाएर छ सय रुपैयाँ बनाइएको छ । विदेशी मिनी बस, ट्रकका लागि एक सम ५० रुपैयाँबाट बढाएर तीन सय रुपैयाँ बनाइएको छ । विदेशी जीप, कारलाई एक सय रुपैयाँबाट बढाएर दुई सय रुपैयाँ बनाइएको छ । यस्तै स्वदेशी बस, ट्रक, मिनिबस तथा रात्रिबसहरुका लागि २० रुपैयाँबाट बढाएर ३० रुपैयाँ बनाइएको छ ।

सुदीपा ट्रेडिङले अग्रिम भुक्तानीस्वरुप सम्झौता रकमको २५ प्रतिशत हुन आउने एक करोड ७ लाख रुपैयाँ भुक्तानी गरिसकेको छ । बाँकी रकम तीन किस्तामा असोज मसान्त, पुस मसान्त र जेठ मसान्तमा भुक्तानी गर्ने सम्झौता भएको हेटौंडा उपमहानगरपालिकाको राजश्व शाखाका प्रमुख श्यामकुमार श्रेष्ठले जानकारी दिए ।

यसअघि गत आर्थिक वर्षको ९ महिनामा मित्र निर्माण सेवाले एक करोड ३२ लाख ७७ हजार रुपैयाँमा सडक कर उठाउन सम्झौता गरेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सीप विकासमा प्रयास

हेटौंडास्थित प्रदेश सरकारअन्तर्गत्को व्यावसायिक तथा सीप विकास तालिम केन्द्रले वार्षिक लक्ष्यभन्दा बढीलाई सीप सिकाएको छ । तालिम केन्द्रले ९ सय ९५ जनालाई एक वर्षभित्र सीप सिकाएर दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको थियो । केन्द्रले गत आर्थिक वर्ष २०७९/८० को असारमसान्तभित्रको प्रगति विवरणअनुसार १ हजार ११ जना दक्ष जनशक्तिका रुपमा उत्पादन गरेको पाइएको छ । मुलुकभित्र दक्ष जनशक्तिको अभाव भइरहेको अवस्थामा सीप विकास तालिम केन्द्रले सीप सिकाएर जनशक्ति उत्पादन गरिरहेको हो । केन्द्रले सबैभन्दा धेरै वैदेशिक एवम् युवा स्वरोजगारमूलक तालिमबाट ३ सय जनालाई सीप सिकाउने लक्ष्य लिइको थियो । १५ दिनदेखि ३ महिनासम्म हुने उद्यमशीलता/रोजगारी मूलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम ३ सय १० जनालाई प्रदान गरिएको प्रमुख चौलागाईले जानकारी दिए । ३ सय १० जनाले बोमौसमी तरकारी खेती, कृषिजन्यपदार्थ प्रशोधन, सुरक्षा गार्ड, कफी मेकर, कुक, नर्सरी व्यवस्थापन र केशश्रृंगार तथा सौन्दर्यको सीप सिकेका थिए ।

केन्द्रले गत आवमा ६ महिने (७३० कार्यघण्टा) नियमित तालिमहरु जनरल मेकानिक्स, कम्प्युटर सफ्टवेयर र आवासीय महिला सीप विकासबाट क्रमश: २०, ६० र ३६ जनालाई सीप सिकाएको छ । ३९० कार्यघण्टाको ३ महिने नियमित तालिमअन्तर्गत् केन्द्रले केशश्रृंगार तथा सौन्दर्यबाट ७९ जना, इलेक्ट्रोनिक्स मर्मतबाट ३० जना, सिलाई कटाईबाट ५३ जना, प्लम्बिङबाट ३६ जना, बेतबाँस हस्तकलाबाट ४० जना विद्युत जडानबाट ४० जना, केश श्रृंगार तथा सौन्दर्य अभिवृद्धिमा ३१ जना, सिलाई कटाई अभिवृद्धिमा २६ जनालाई सीप सिकाएको छ । केन्द्रले ३९० कार्यघण्टाको गलैंचा बुनाई र हाकु पटासीको परम्परागत सीप अभिवृद्धि तालिम ३० जनालाई दिने लक्ष्य लिइएकोमा ३४ जनालाई प्रदान गरेको छ । २० जना महिलालाई ढाका बुनाई तालिम, वैदेशिक रोजगारीबाट फर्किएका २ जनासँग क्षमता अभिवृद्धि बारे छलफल, ६२ जना अपाङ्गता भएका महिलाश्रमिक, लैंगिकहिंसापीडित, विपन्न दलित, सीमान्तकृत, एकल महिलाका लागि सीप विकास तथा क्षमता अभिवृद्धि तालिमतर्फ केन्द्रले १० दिने कफी मेकर र क्रिष्टलको सामान बनाउने सीप सिकाएको छ । ५१ जना लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको लागि अचार बनाउने सीपमूलक तालिम, तालिम प्राप्त प्रशिक्षार्थीहरुबाट १ जनासँग रोजगार, स्वरोगगार वैदेशिक रोजगार र उद्यमशीलता विकाससम्बन्धी पोष्ट रिभ्यू गरिएको केन्द्रले जनाएको छ । ५० जना अल्पसंख्यक, सीमान्तकृत र अतिविपन्न समुदायको लागि बारिष्टा तालिम दिनुका साथै ३० जना जनयुद्धका शहिद परिवारको लागि कुक र बेकरीतर्फ सीप विकास तालिम प्रदान गरिएको छ । केन्द्रको वार्षिक लक्ष्यअनुसार नियमित तालिम प्राप्त प्रशिक्षार्थीको सीपपरीक्षण गर्नुपर्नेमा सीपपरीक्षण भने भएको छैन । यसैगरी, वार्षिक लक्ष्यको तुलनामा केन्द्रले भौतिक प्रगति १ सय १ प्रतिशत रहेको जनाएको छ ।

केन्द्रका लागि गत आव ०७९/८० मा ५ करोड ७८ लाख ९१ हजार रुपैयाँ बजेट बिनियोजन भएकोमा चालूतर्फ मात्रै ५ करोड ५६ लाख ९१ हजार रुपैयाँ बजेट छुट्याइएको थियो । चालू खर्च ५ करोड ३ लाख ४५ हजार रहेको छ । केन्द्रमा पुँजीगततर्फ २२ लाख बजेट बिनियोजन भएकोमा २१ लाख ६५ हजार ६ सय ८४ रुपैयाँ खर्च भएको प्रगति विवरणमा उल्लेख छ । केन्द्रले गत आवमा चालू र पुँजीगततर्फ गरेर कूल ९० दशमलव ७ प्रतिशत खर्च भएको हो । चालू आवमा व्यवसायिक तथा सीप विकास तालिम निर्देशिका निर्माण गर्नुपर्ने र तालिम पाठ्यक्रमहरु अपडेट गर्नुपर्ने बिषयमा प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयलाई अनुरोध गरेको बताइएको छ । व्यवसायिक सीपमूलक तालिम सञ्चालन गर्नेबारे छुट्टै ऐन, नियम नभएको र हाल २०६९ सालमा निर्माण गरिएको तालिम सञ्चालन निर्देशिकाबाटै काम गरिरहेकाले नयाँ निर्देशिका बनाउनुपर्ने आवश्यकता छ । सीप सिक्न चाहनेको संख्या अधिक रहेको र सोही अनुसार केन्द्रको श्रोतसाधान, भौतिक पूर्वाधार र क्षमता वृद्धि सकेको छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ २९ गते शुक्रबार १५ सेप्टेम्बर २०२३ । औंसी, भाद्र कृष्णपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४९, सूर्यास्त ६:७ । राष्ट्रिय बाल दिवस । स्नान र दान गर्ने औंशी ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : काममा सफलता हात पर्ने | **तुला** | : मांगलिक कार्य सम्पादन |
| **वृष** | : अपजस पाइने | **वृश्चिक** | : उपचारमा खर्च बढ्ने |
| **मिथुन** | : बौद्धिक कार्यमा वाधा | **धनु** | : मानमर्यादाको वृद्धि |
| **कर्कट** | : व्यवसायमा विवाद | **मकर** | : नवीन कार्ययोजनामा लगानी |
| **सिंह** | : मानसिक अशान्ति | **कुम्भ** | : आलोचनामा वृद्धि |
| **कन्या** | : कार्यमा ढिलाइ | **मीन** | : यात्रामा अवरोध |

# चुरे नजोगाई जोगिन्न मधेश



✍ रामचन्द्र मण्डल

चुरे क्षेत्र हिमालय पर्वत शृंखलाको सबभन्दा दक्षिणमा मधेशको राजमार्गभन्दा माथिको क्षेत्र हो । माथिबाट बगेर आएका सामग्रीले बनेको सबभन्दा कान्छो, कमलो र कमजोर पर्वतीय शृंखला क्षेत्र हो, चुरे । चुरेलाई मधेशसँग प्रत्यक्ष सरोकार राखेकोले मधेशको लाइफलाइनको रूपमा पनि लिन सकिन्छ । करिब चार करोड वर्ष पहिले हिमालयको उत्पत्तिको क्रममा नदीजन्य पदार्थहरू थुप्रिएर बनेको सबैभन्दा कान्छो पहाड नै चुरे शृंखला हो ।

पश्चिममा पाकिस्तानको इन्डस नदीदेखि पूर्वमा भारतको ब्रफमपुत्र नदीसम्म फैलिएको चुरे शृंखला सिवालिकको नामबाट पनि चिनिन्छ । यो क्षेत्रमा राम्ररी नखाँदिएका खुकुलो पत्रे चट्टान भएको र महाभारतबाट बग्ने नदीहरू यही चुरे क्षेत्र भई तराईतर्फ बग्ने हुँदा प्राकृतिक रूपले यो क्षेत्र अत्यन्त संवेदनशील छ ।

चुरे संरक्षण मधेशको उन्नति, प्रगति र उत्थानसँगै समृद्धिको पाटोसँग जोडिएको विषय हो । चुरे मधेशको भूमि, जल, खनिज, वातावरणीय प्रभावसँग जोडिएको छ । यो मधेशको लाइफलाइनको अभिन्न अंग हो ।

चुरेको संरक्षण जुन स्तरबाट गरिंदैछ, त्यो तौरतरिकाले चुरे र मधेशलाई बचाउन सकिंदैन । चुरे संरक्षण नभएसम्म मधेशको भूमि पनि संरक्षित र उत्पादनमूलक हुन सक्दैन । त्यसकारण चुरे फेद हाइवे भन्दा माथि कोशीदेखि नारायणीसम्म पूर्व-पश्चिम कृत्रिम नहर बनाउने दीर्घकालीन योजना अघि बढाउनुपर्छ । यसबाट वाटर रिजर्भको रूपमा एउटा नहर निर्माण हुन्छ । र त्यसलाई विभिन्न प्रयोजनमा काम गर्न सकिन्छ । एउटा जलमार्गको रूपमा प्रयोग गर्न सकिन्छ ।

अर्को नहरमा बनाइएको ड्यामलाई यातायात प्रयोजनको लागि प्रयोग गर्न सकिन्छ । दोस्रो, नदीको माध्यमबाट कृत्रिम नहर बनाइए नदी नियन्त्रण भई नदी उकासको लाखौं बिघा जग्गालाई बैंक अफ ल्याण्डको रूपमा प्रयोग गर्न सकिन्छ । उद्योग धन्दाको रूपमा प्रयोग गर्न सकिन्छ । भूमिहीन किसानलाई व्यवस्थापन गर्न सकिन्छ । ठूल्ठूला पूँजीवादी उत्पादनहरूलाई बढावा दिन सकिन्छ ।

चुरेबाट जति पनि नदी बगेको छ, ती सबै नदीहरूलाई नहरको रूपमा डेभलप गर्दा खेत-खेतमा पानी लगेर सिंचाइको व्यवस्थापन गर्न सकिन्छ । नहरले वाटर रिजर्भ हुने बित्तिकै चुरेको वाटर रिचार्जिङ क्यापासिटी बढ्छ । यसले मधेशको वाटर स्वाभाविक बढ्छ । र, खानेपानीको समस्या सजिलै हल गर्न सकिन्छ । त्यही नहरको पानीलाई पनि खानेपानीको रूपमा प्यूरिफाई गरेर प्रयोग गर्न सक्छौं । त्यहींबाट विद्युत् उत्पादन गर्न सकिन्छ ।

यसले मधेशमा अहिले विद्युत् उत्पादनविहीन बनेको प्रदेशमा विद्युत् उत्पादनको सम्भावना उत्तिकै बढ्छ । जहाँ बालुवा, गिट्टी, ढुंगाको उत्खनन् हुँदैछ । जसले एउटा ठूलो समस्या निम्त्याउँदैछ । जुन प्रदेश, स्थानीय वा संघीय सरकार कसैको कमाण्ड छैन । जसले चुरेको दोहन नदीजन्य पदार्थको उत्खननको स्पिड दर्दनाक देख्छौं । त्यसलाई पनि नियन्त्रण र निगरानी गरेर राजस्व वृद्धिका लागि प्रयोग गर्न सकिन्छ । अर्को कुरा मधेशको माछा देश र विदेशमा प्रसिद्ध छ । हामीले त्यही नहरलाई माछा पालनको रूपमा प्रयोग गर्न सक्छौं । यी यावत् आयामबाट हामीले बेनिफिट लिन सक्छौं ।

कोशी-मरिन डाइभर्सन मार्फत सिंचाइ प्रयोजनको काम गरिंदैछ । त्यसरी नै कोशी कमला डाइभर्सन मार्फत काम गर्दा पनि पूर्व-पश्चिम व्यवस्थापन गर्नैपर्छ । कोशी-मरिन वा कोशी बागमती डाइभर्सन गर्नु बाहेक मधेशको समृद्धिको अर्को कुनै विकल्प छैन । त्यसकारण कोशीदेखि नारायणीसम्म पूर्व-पश्चिम कृत्रिम नहर बन्यो भने मधेशको जीवन उपयोगीको रूपमा सिद्ध हुन्छ ।

यो मधेशको लागि गौरवको एउटा योजना पनि हुन्छ । जसमा देशले पनि गर्व गर्छ । यो एउटा सम्पूर्ण मधेशको लाइफलाइनको रूपमा बन्छ । जुन चुरे दोहनको साधन बनिरहेको छ त्यसले नहरको विकाससँगै उत्पादन र आम किसानको आयस्तरमा समेत वृद्धि ल्याउँछ ।

देशको करिब १३ प्रतिशत भू-भाग ओगटेको पूर्वमा इलामदेखि पश्चिममा डडेलधुरासम्म ३६ वटा जिल्लामा फैलिएको चुरे क्षेत्रलाई हामीले जलमार्गको रूपमा समेत विकास गर्न सक्छौं ।

पूर्वदेखि पश्चिमसम्म यो देशभित्र ८०० किलोमिटर तन्किएको छ । यसमा हामीले जलमार्गको निर्माण गर्न सक्यौं भने यहाँबाट कुनै ठाउँ जान ४ देखि ५ दिन लाग्ने समयको पनि बचत हुन्छ । समयसँगै पैसाको समेत बचत हुन्छ । चुरेले ओगटेको झण्डै चौडाइमा १० देखि ५० किलोमिटरको क्षेत्रलाई हराभरासँगै मनमोहक र आकर्षक बनाउन सक्छौं ।

नदीमा डाइभर्सन र चुरेमा नहरको निर्माणले मधेशका हरेक जिल्लामा वर्षेनि खेप्दै आएको पानीको समस्यालाई निर्मूलीकरण गर्न सकिन्छ । चुरेबाट झण्डै ५०० देखि ६०० मिटरको अग्लो भागमा रहेको मधेशमा नहर बाट सजिलै पानी ल्याउन सकिन्छ । ड्याम बनाएर नहरलाई रिजर्भ ट्यांकीको रूपमा सीधै मधेशका गाउँ-गाउँमा पाइपलाइन गरेर पानी ल्याउन सकिन्छ । रिजर्भ ट्यांकीमा पानी रिजर्भ हुने बित्तिकै वाटर लेभल स्वत: माथि उकासिन्छ ।

अहिले हामी लाखौं, करोडौं रुपैयाँ खर्च गर्दैछौं । खानेपानीको सवालमा ओभरहेड ट्यांकी बनाएर तलबाट पानी ल्याउने तर चुरेको संरक्षण व्यवस्थापन नगर्ने भएपछि वाटर लेवल दिनानुदिन तल झर्दै गइरहेको छ । पहिले २०० मिटरमा हुने चापाकलहरू अहिले ४०० फिटमा पानी आउन गाह्रो हुन्छ । यो स्थितिलाई गम्भीर रूपमा लिन सकिन्छ ।

चुरे संरक्षण, नदीको डाइभर्सन र नहरको निर्माणले मल्टिपर्पसेज योजनालाई कम्प्लिट गर्न स्थानीयदेखि प्रदेश र संघीय सरकारले समेत गहन रूपमा लाग्न जरूरी छ । यो कृत्रिम नहरबाट पर्यटनको आकर्षणको केन्द्र बनाएर पर्यटन प्रवर्द्धन समेत गर्न सकिन्छ । मुख्यत: सिंचाइ बढाएर उब्जनीविहीन बनेको भूमिलाई बाह्रैमास उब्जाउ जग्गाको रूपमा प्रयोग गर्न सकिन्छ । यो सबैभन्दा ठूलो उपलब्धि मानेर काम गर्नुपर्छ । मुख्यत: नदी उकास जमिनलाई प्रयोग गर्न सक्छौं । जसले देशको हजारौं बिघा जमिनलाई फेरि हराभरा र उब्जनीयोग्य बनाउन मद्दत गर्छ ।

चुरे सकिने बित्तिकै भावर अनि त्यसपछि तराईको समथर भूभाग छ । तराईलाई हामी अन्नभण्डार भन्छौं । यो समग्र क्षेत्रमा ५० प्रतिशत जनसंख्याको बसोबास छ । अब हाम्रो अन्नभण्डार अनि ५० प्रतिशत जनसंख्याको बसोबास भएको क्षेत्र जोगाउन चुरे महत्वपूर्ण छ । चुरेका कारण प्राप्त हुने प्राकृतिक स्रोतले गर्दा नै तराई रहन सक्ने नत्र त्यसको विनाश अनि साथै त्यहाँ रहने मानिसहरूको जनधन जोखिममा पर्ने समस्यालाई समाधानको एउटा निकास पनि हो । चुरेको महत्व यहाँको जमिनको उत्पादकत्वमा मात्र नभई विपद्सँग पनि जोडिएको छ । जथाभावी दोहन वा अव्यवस्थापनका कारण बाढी र पहिरो दुवैको जोखिम उच्च छ ।

तराईका निम्ति चुरे क्षेत्रले भूमिगत जलभण्डारको काम गरेको छ । नेपालमा वर्षमा करिब साढे तीन महिना वर्षा हुने गर्छ भनेर अरू बेला पानी फाटफुट मात्रै पर्छ । प्राकृतिक भण्डारको हिसाबले हिमालमा जम्ने हिउँ यहाँको प्रमुख जलभण्डार हो । चुरे क्षेत्रले तराईका निम्ति भूमिगत जलभण्डारको काम गरेको छ ।

यहाँको विशेषता के छ भने कतिपय खोलानाला मौसमी प्रकारका छन् । त्यहाँ वर्षा मौसममा पानी देखिन्छ अरू बेला सुख्खा ! तर त्यही सुख्खा खोलानालामा पनि जमिनमुनि पानी रहेको छ । तराईको हकमा वर्षा मौसम बाहेक अन्य बेला पानीको मुख्य स्रोत भूमिगत जल रहेको र यो चुरेकै कारण सम्भव भएको छ । त्यसैले चुरेलाई पानीको स्रोतको रूपमा वाटर रिजर्भ ट्यांकीको रूपमा पनि विकास गर्नुपर्छ ।

हाम्रो अन्नभण्डारका निम्ति चुरे क्षेत्रमा परेको पानी बगेर भूमिगत भण्डारमा जम्मा हुन्छ । चुरेको पहाड सकिने बित्तिकै रहेको क्षेत्रलाई हामी भावर भन्छौं । त्यहाँको जमिन अचम्मको छ, त्यसले पानी सोस्छ र तल भण्डारण गर्छ । त्यही पानी अलि पर तराईमा पुग्दा प्रयोग गरिन्छ । त्यसैले मधेशको हरेक विषयवस्तु चुरेसँग जोडिएकोले यसको विकास र संरक्षण महत्वपूर्ण छ ।

(साभार: अनलाइनखबर)

# गणतन्त्र माग्दै २०४२ मा सिंहदरबार बम प्रहार गर्ने योद्धा

✍ रामनारायण देव

नेपालमा शताब्दीऔंदेखि राजतन्त्रात्मक शासन व्यवस्था चलिआएको थियो । निरंकुश राजतन्त्र भएको देशमा प्रजातन्त्र सधैँ कमजोर र निरीह हुन्छ । किनभने प्रजातन्त्रलाई राजतन्त्रले सधैँ दबाबमा राख्छ । कुनै समय नेपालमा राजतन्त्र र प्रजातन्त्र एकअर्काका विरोधी नै थिए । २००७ सालको जनक्रान्तिले स्थापित गरेको प्रजातन्त्रलाई राजा महेन्द्रले मिचेका थिए । उनले प्रजातन्त्रका लागि तयार पारिएको अन्तरिम विधानलाई पटक पटक संशोधन गरी कार्यकारी, विधायिकी र न्यायिक अधिकार आफूमा निहित गरेका थिए ।

जनक्रान्तिको मुख्य उद्देश्य संविधान सभाको चुनाव थियो । त्यसलाई राजा त्रिभुवनले विभिन्न बहानामा टारे । उनको मृत्युपछि महेन्द्रले त संविधान सभाको चुनाव गराउनुको सट्टा २०१५ मा संसद्को चुनावको मिति घोषणा गरिदिए ।

संसदीय चुनावमा नेपाली कांग्रेसले अत्यधिक मत ल्यायो । उसले बहुमतको सरकार समेत गठन गर्‍यो । बीपी कोइरालाको प्रधानमन्त्रित्वमा गठित सरकारले धमाधम प्रगतिशील काम गर्न थाल्यो । सामन्ती व्यवस्थालाई समाजवादी ढाँचामा ल्याउन विर्ता उन्मूलन, जमिनदारी उन्मूलन, भूमि सुधार, वनजंगलको राष्ट्रियकरण, सहकारी आन्दोलन जस्ता काममा तीव्रता दिन थाल्यो । नेपालको विदेशसँगको कूटनीति सम्बन्ध बढाउन थालियो । १८ महिनाभित्र नै कांग्रेसको सरकारले विकास र निर्माणको काम मा सफलता हासिल गर्दै गर्‍योए । यसरी प्रजातान्त्रिक सरकारको प्रगतिशील काम देखेर राजा महेन्द्रमा ईर्ष्या र द्वेष उत्पन्न थाले । राजाले आफ्नो भूमिका ओझेलमा परेको अनुभव गर्न थाले ।

राजा महेन्द्रमा उब्जिएको राजशक्तिको आसक्तिले २०१७ साल पुस १ गते संसद्, सरकारलाई सैनिक शक्तिको बलमा विघटन गरी अन्त्यमा प्रजातन्त्र नै अपहरण गरे । शासन सत्ता आफूमा सीमित पारे । उनले जनक्रान्ति र जनअनुमोदित संसदीय प्रजातन्त्रलाई समाप्त पारे । निरंकुश राजतन्त्रले गर्दा मुलुकमा प्रजातन्त्रको संरक्षण र संवर्द्धन नहुने देखेर र ाजतन्त्रको उन्मूलन भए मात्र प्रजातन्त्र, लोकतन्त्र फस्टाउन सक्छ भन्ने निष्कर्षमा जनता पुगे । नेपालमा गणतन्त्रको स्थापना अपरिहार्य छ भनी रामराजाप्रसाद सिंह त्यसतर्फ अघि बढे । हुन त उहाँ भारतको बनारस हिन्दु युनिभर्सिटीमा अध्ययनरत रहँदा नै गणतन्त्रतिर लागिसक्नु भएको थियो । यो कुरा उहाँको आत्मवृत्तान्तमा समेत उल्लेख छ ।

खासगरी २०१८ सालमा दुर्गानन्द झाले राजा महेन्द्रमाथि जनकपुरमा बम प्रहार गरेपछि उनलाई दिएको फाँसीको सजायले त रामराजालाई राजतन्त्रप्रति तीव्र घृणा बढेर गयो । राजाको त्यो जघन्य अपराधबारे बनारसबाट प्रकाशित हुने पत्रिकामा त्यसको विरोधमा लेख नै छपाएका थिए । दुर्गानन्द झाको फाँसीको सजायबारे लेखिएको त्यस लेखको सार थियो- 'सहादतको बलिवेदीमा दुर्गानन्द झाले अमरत्व प्राप्त गर्नुभएको छ' । त्यही साल पटनामा भारतीय कांग्रेस पार्टीको सम्मेलन भइरहेको थियो । त्यो मौका छोपेर रामराजाप्रसाद सिंह पटना पुगी नेपालमा गणतन्त्र र लोकतन्त्रको बहाली हुनुपर्छ भनेर पर्चा बाँका थिए । सो पर्चामा भारतीय कांग्रेस र सरकारले सहयोग र समर्थन गरिदिन अनुरोध गरेका थिए । यसरी भारतमा अध्ययन गरिरहेको बेलादेखि नै रामराजाप्रसाद सिंह नेपालमा गणतन्त्र र पूर्ण लोकतन्त्रको बहाली हुनुपर्छ भनी आन्दोलनरत थिए ।

भारतमा पढाइ सकिएपछि सिंहले नेपाल आएर सर्वोच्च अदालतमा वकालत गर्न थाले । २०२४ सालमा स्नातक क्षेत्रको चुनाव लडे । उनले त्यो उम्मेदवारी पञ्चायती व्यवस्था ढाल्नका लागि मात्र नभई निरंकुश राजतन्त्रका अन्त्यका लागि जनचेतना पनि जगाउनका लागि थियो ।

उनले आफ्नो उम्मेदवारी किन र कसका लागि भनेर पर्चासमेत छपाएका थिए । उनले काठमाडौंको बत्तिसपुतलीमा पहिलो भाषण दिंदै गर्दा २०१७ सालमा राजा महेन्द्रबाट 'कु' भयो । त्यसको विरुद्ध कसरी लड्ने भन्ने चुनौती आइपर्‍यो । त्यसमा उनले भनेका थिए- यो अवस्थामा सबै चिज भताभुङ्ग पारेर जानुपर्छ । चीनमा माओत्सेतुङ समक्ष पनि यस्तो स्थिति आएको थियो । एउटा चिजलाई खत्तम गर्न सकिन्न भने कहिलेकहीं हरेक चिजलाई खतम गरेर जानुपर्ने हुन्छ । यो स्थितिमा क्रान्तिको कुरा पनि आउँछ । त्यसका लागि क्रान्तिकारीहरू तयार हुनुपर्छ ।

चुनावी सभामा क्रान्तिकारी भाषण गर्दै हिंडेकाले पञ्चायती सरकार डराएर उनलाई गिरिफ्तार गर्‍यो । चुनाव लड्नसमेत दिएन । अनि एकदमै व्यवस्थित ढङ्गले चुनावी सभा सञ्चालन गर्न थाले । त्यसअघि २०२४ सालको चुनावमा नै उनी चर्चित भइसकेकाले यो चुनावमा ठाउँ ठाउँमा जनताले भाषण गर्न बोलाउन थाले । उनले आक्रमक रूपमा भाषण गर्न थाले । पञ्चायती संविधानको विरोध मात्र होइन भाषणका क्रममा उनले राजाको पनि विरोध गर्न थाले । पञ्चायतको दबदबा रहेको त्यो समयमा राजधानीमा नै दरबार अगाडि गएर विरोध गर्नु कम साहसका कुरा थिएन ।

विद्रोहको सिलसिलामा एक दिन त्रिभुवन विश्वविद्यालयको प्राङ्गणभित्र रहेको 'सेडा' ले एउटा कार्यक्रमको आयोजना गरेको थियो । त्यसको प्रमुख पशुपति शमशेर राणा थिए । त्यस कार्यक्रममा रामराजा बाबुलाई एउटा एक सपाट कमेन्टेटरका रूपमा बोलाइएको थियो । कानुन र संवैधानिक विषयमा छलफल र टिप्पणी गर्न त्यो कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा कानुनका विद्वानहरू कुसुम श्रेष्ठ, कृष्णप्रसाद पन्त लगायतको संयुक्त कार्यपत्र थियो । उनीहरूले प्रस्तुत गरेको कार्यपत्रको आशय यस्तो थियो- पञ्चायतकालीन संविधानको धारा १७ को कारणले हाम्रा मौलिक हक प्रतिबन्धित भएका छन् । त्यो धाराका कारण हामी मौलिक हकको उपभोग गर्न पाउँदैनौं । अन्य धाराले त अधिकार दिएका छन् भन्ने उनीहरूको कार्यपत्रको आशा थियो ।

तर रामराजाप्रसादले संविधानको धारा १७ को कारणले मात्र हामीले मौलिक हक नपाएका होइनौं भनेर विरोध गर्दै भनेका थिए- नैसर्गिक अधिकार एकअर्काका पूरक हुन्छन्, एउटा मौलिक अधिकार छ भने अरू मौलिक अधिकार पनि प्राप्त हुन्छन्, एउटा मौलिक अधिकार दिइएको छैन भने अरू मौलिक अधिकार पनि प्राप्त हुन सक्दैनन् । मौलिक हक एकअर्कामा गएर समाहित हुनुपर्छ । एकअर्काबाट नि:सर्त हुनुपर्छ र एक अर्कामा गएर पूर्णता प्राप्त गर्छ ।

पञ्चायती संविधानमा मौलिक हक छैनन् । मानिस त्यसबेला मात्र मानिसका रूपमा बाँच्न सक्छ जुनबेला उसले प्राप्त गर्नुपर्ने हक पाएको हुन्छ । तर यो संविधानले नेपाली जनतालाई मौलिक हक दिएको छैन । यसले एउटा पनि नेपालीलाई जिउँदो बन्न दिएको छैन । राजनीतिक पार्टी खोल्ने हक नै यो संविधानले दिएको छैन भने अरू कुनै पनि अधिकार यसमा हुँदैन । त्यस कारण एउटा मौलिक हकलाई जहाँ अस्वीकार गरिन्छ त्यहाँ सबै मौलिक हक अस्वीकृत हुन पुग्छन् । यो संविधानले नेपालका सबै मौलिक हकलाई अस्वीकार गरेको छ ।

यसरी रामराजाप्रसाद सिंहले त्यो गोष्ठीमा बोल्दा सबै अलमल्ल परे । बैठकको प्रमुखको हैसियतले पशुपति शमशेरलाई झन अपठ्यारोमा परे । त्यसपछि उनले राजविराजमा गएर आमसभा गरे । उनको क्रान्तिकारी भाषण सुन्न गाउँ गाउँबाट हजारौं जनता भेला भएका थिए । यो पञ्चायती व्यवस्था अराष्ट्रिय र असंवैधानिक व्यवस्था हो भनी गर्जिन थाल्दा तालीको गडगडाहट आएको थियो । तर प्रहरीहरू आएर घेरा हाली लाठी चार्ज गर्न थाले । रामर ाजासहित रामेश्वरप्रसाद सिंह, इन्द्रदेव सिंह, हिम्मत सिंह, खुसीलाल मण्डल, मधुकान्त सिंह लगायत थुपै जना घाइते भए । स्वयं पङ्क्तिकार पनि प्रहरीको लाठी खाएर बेहोस भएको थियो । सबै घाइतेलाई अस्पतालमा लगियो र प्राथमिक उपचार गरियो । कतिपय घाइतेलाई आफन्तले बोकेर घर लगे ।

यो घटनापछि पनि रामराजा बाबुले विराटनगर गएर भाषण गरे । विराटनगरमा नेपाल विद्यार्थी सैले राम्रो व्यवस्था गरेको थियो । हामी राजविराजबाट नेविसैका नेता-कार्यकर्ता पनि पुगेका थियौं । विराटनगरको सन्सरीमाई स्थानको ठूलो चौरमा आमसभा भएको थियो । त्यहाँ रामराजा सिंहको निकै जोसिलो भाषण भयो ।

त्यहाँ उनको भाषणको सार यस्तो थियो- राजा रगतको होली खेलिराखेका छन् । अब रक्तक्रान्ति पनि नजिक आउँदै छ । यस्तै हुँदै जाने हो भने सशस्त्र क्रान्ति चाँडै हुन्छ । तर अहिले हाम्रो सैर्षको चरण हो, अहिंसात्मक सैर्षको । तर यस्तै हुँदै गयो भने नेपालका रूखमा बम, बारुद, बन्दुक र तरबार फल्ने छैन । यहाँका नदीमा पानी होइन रगतको भेल बग्ने छ ।

सिंहले यसरी क्रान्तिकारी भाषण गर्दा हजारौं जनताले स्वागत गर्दै पर्रर ताली पिटेका थिए । त्यो देखेर प्रशासन निकै तर्सियो । पूर्वाञ्चलका प्राय: सबै जिल्ला प्रजातन्त्रवादीहरू त्यहाँ भेला भएका थिए । अनि स्थानीय प्रशासकले काठमाडौंमा खबर गरेपछि डीआईजी स्वयं हेलिकेप्टरमा आएर उनलाई पक्रिएर लगे ।

यसरी २०२८ मा रामराजाप्रसाद सिंह स्नातक क्षेत्रबाट निर्वाचित भई राष्ट्रिय पञ्चायत सदस्य भए । तर शपथ ग्रहण गर्न दिइएन । सुरक्षा कानु लगाएर नक्खु जेलमा वर्षौं राखे । जेलबाट छुटेर २०३६ सालमा जनमत सङ्ग्रहका लागि जिल्ला जिल्ला गएर क्रान्तिकारी भाषण गर्दै हिंडे । जनवादी मोर्चा गठन गरेर पूर्णकालीन राजनीतिमा होमिए । तर नेपालगन्जमा भाषण गदागर्दै वारेन्ट जारी भएपछि उनी भारतको पटनामा गएर बसे । त्यस क्रममा भारतका झारखण्ड, देहरादुनलगायत ठाउँमा गई कार्यकर्तालाई गुरिल्ला ट्रेनिङ दिए । विसं २०४२ मा काठमाडौंको सिंहदरबार, अन्नपूर्ण होटल लगायतका ठाउँमा बम विस्फोट उनले नै गराए । यो राजतन्त्रका लागि निकै ठूलो खतराको संकेत थियो ।

२०६२-६३ सालको दोस्रो जनआन्दोलनपछि गणतन्त्रको स्थापना भएपछि उनलाई माओवादीले राष्ट्रपतिको उम्मेदवार बनायो । तर अन्य पार्टीले सहयोग नगर्दा पराजय भोग्नु पर्‍यो । यसरी निरंकुश राजतन्त्र र पञ्चायती व्यवस्थाको जगजगी भएको बेला गणतन्त्र नेपालको नारा लगाउनु ठूलो हिम्मत र साहसको काम थियो । नेपाली काँग्रेसलगायतका पार्टी भारत प्रवास गई आन्दोलन गरे ।

*(साभार: रातोपाटी)*

# पछाडि फर्किएको शिक्षा विधेयक




काठमाडौं/सरकारले संविधान जारी भएको ८ वर्षपछि विद्यालय शिक्षासम्बन्धी विधेयक ल्याएको छ ।

बुधबार संसद सचिवालयमा दर्ता भएको विधेयकमा निजी स्कुलहरु ५ वर्षभित्र नाफारहित गुठीमा जानुपर्ने बाध्यकारी व्यवस्थालाई हटाइएको छ ।

जबकी १६ जेठमा मन्त्रिपरिषद्ले पास गरेको विधेयकमा भने संविधानको मर्मअनुसार निजी स्कुलहरु ५ वर्षभित्र नाफारहित गुठीमा जानुपर्ने भनिएको थियो । विधेयक संसदमा दर्ता नहुँदै निजी स्कुल सञ्चालकहरुले आन्दोलन घोषणा गरेका थिए । पठनपाठन नै रोक्ने चेतावनी दिएपछि २५ साउनमा प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषदले पास गरेको विषय उल्टिएर आएको दाबी गरे । मन्त्रीहरुसँग कार्यसम्पादन सम्झौता गर्ने क्रममा उनले भनेका थिए, संघीय शिक्षा ऐन सुरुमा जस्तो थियो, फर्किएर आउँदा कयौं विषय त विकल्प उल्टो, झन नेगेटिभ भएर आएको देखियो ।'

नेगेटिभ भयो भनेर सच्याएर ल्याएको विधेयकमा निजी स्कुलहरुलाई ५ वर्षभित्र गुठीमा लैजाने व्यवस्था नै हटाइएको छ । ऐनको दफा ४ को उपदफा ३ मा भनिएको छ, 'यो ऐन प्रारम्भ हुँदाको बखत प्रचलित कम्पनी कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका संस्थागत विद्यालय यो ऐन प्रारम्भ भएपछि शैक्षिक गुठीका रुपमा रुपान्तरण गरी सञ्चालन गर्न सकिने छ ।' अर्थात नाफारहित गुठीमा जाने कि नजाने निजी स्कुल सञ्चालकहरुको रोजाईमा हुनेछ । उनीहरुले चाहँदासम्म तोकिएको (स्थानीय तहबाट) शुल्क लिएर पढाउन सक्छन् '।

प्रस्तावित विधेयक हुबहु पारित भए संविधान संशोधन गर्नुपर्ने बताउँछन् काठमाडौं विश्वविद्यालयको स्कुल अफ एजुकेसनका डीन प्रा.डा. बालचन्द्र लुइँटेल ।

निजी विद्यालयलाई शुल्क उठाउन दिने प्रस्ताव संविधानले व्यवस्था गरेको अनिवार्य तथा निःशुल्क शिक्षा विपरीत भएको उनले बताए । भन्छन् 'संविधानको मर्म एकातिर ऐन अर्कोतिर कसरी हुन्छ ? यही कानुन पास हुने भए त संविधान संशोधन हुनुपर्छ होला ।'

किनकी संविधानको धारा ३१ मा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने तथा माध्यमिक तहको शिक्षा निःशुल्क हुने भनिएको छ । संविधानले मातृभाषामा शिक्षाको हक हुने व्यवस्था गरेको छ । तर प्रस्तावित विधेयकमा अंग्रेजी, गणित, विज्ञान र कम्प्युटर गरी चार वटा विषयमा अंग्रेजी भाषाको माध्यम हुनुपर्ने भनिएको छ । यो प्रस्ताव सबभन्दा खतरनाक र खराब भएको डिन प्रा.डा. लुइँटेल बताउँछन् ।

'संविधानले मातृभाषामा शिक्षाको हक हुने भन्ने फेरि यी विषय अंग्रेजीमा पढाइ हुनुपर्ने सबैभन्दा खतरनाक र खराब प्रस्ताव हो, अध्ययनले पनि विद्यार्थीले आफूले बोल्ने भाषामा पढ्ने लेख्ने गरे राम्रो बुझ्ने देखाइरहेको बेला विधेयकमा यो प्रस्ताव हुनु आश्चर्य हो', उनले भने ।

**आन्दोलन गर्ने चेतावनी**

विधेयकले नेपाल शिक्षक महासंघलाई वैधानिकता दिएको छ, तर शिक्षकलाई राजनीतिक गतिविधिमा बन्देज लगाउने भनिएको छ ।

राजनीतिक दल वा दलसँग आवद्ध संगठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिएमा सेवाबाट हटाउने वा बर्खास्त गर्ने व्यवस्था गरेको छ ।

विधेयकमा भनिएको छ, 'शिक्षकले राजनीतिक दल वा दलसँग आवद्ध संगठनको सदस्यता लिन, राजनीतिक गतिविधिमा भाग लिन, राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत वा चन्दा माग्न वा कुनै प्रकारको राजनीतिक क्रियाकलापमा संलग्न हुनुहुँदैन ।' साथै शिक्षकलाई प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, घेराउ गर्न, दबाब दिन, पठनपाठन बन्द गर्न रोक लगाइएको छ ।

तर शिक्षकहरुको पेशागत हकहितका काम गर्न गैर राजनीतिक र व्यवसायिक संस्थाको रुपमा नेपाल शिक्षक महासंघ रहने ऐनको दफा १५३ मा उल्लेख छ ।

शिक्षाविद् प्रा. डा. विद्यानाथ कोइराला राजनीतिक दलहरुको भ्रातृ संगठनलाई स्थापित गर्ने विषय विधेयकमा राखिएको बताउँछन् । उनले भने, 'यो शिक्षा विधेयकको प्राथमिकताको विषय थिएन, तर सरकारले दललाई खुसी पार्न यो व्यवस्था राख्यो ।'

शिक्षक महासंघका पदाधिकारीहरु भने शिक्षकको 'ट्रेड युनियन' अधिकार हनन गरेको, प्रारम्भिक बालकक्षालाई विद्यालय संरचनाभित्र नल्याएको लगायतको धेरै वटा बुँदामा आफूहरुको असहमति रहेको बताएको छ ।

'शिक्षकको ट्रेड युनियन अधिकार हनन भएको छ, बालकक्षा शिक्षक हुनुपर्नेमा सहयोगी भनिएको छ, यस्ता धेरै बुँदा छन्', महासंघकी अध्यक्ष कमला तुलाधरले भनिन्, 'विधेयकविरुद्ध आन्दोलनको तयारीमा छौं ।'

विद्यालय कर्मचारीहरु सन्तुष्ट देखिएका छन् । आफूहरुको अधिकांश माग सम्वोधन गरेको विद्यालय कर्मचारी परिषदका महासचिव शान्तिनाथ योगी बताउँछन् ।

विद्यालय कर्मचारीहरुले कम्तीमा २६ हजार २१० रुपैयाँ तलब सुनिश्चित हुनुपर्ने, सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरुलाई दरबन्दीमा समायोजन गरी एक पटकका लागि प्रक्रिया पुर्‍याई स्वतः स्थायी प्रक्रियामा लगिनुपर्ने लगायतको माग राख्दै आन्दोलन गरेका थिए ।

विधेयकले 'सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा निर्धारण भए बमोजिम विद्यालय कर्मचारीको दरबन्दी रहने, शिक्षक सेवा आयोगले शिक्षकसँगै कर्मचारीको पनि परीक्षा गर्ने प्रस्ताव गरिएको छ । आयोगबाट सिफारिस भएका विद्यालय कर्मचारीको नियुक्ति स्थानीय तहले गर्ने तथा विद्यालय कर्मचारीको पारिश्रामिक, सेवा, शर्त र सुबिधा सम्बन्धी व्यवस्था स्थानीय तहको कानून बमोजिम हुने व्यवस्था गरेको छ ।

'अहिलेको विधेयकमा केही शब्द छुट्का छन् तर हाम्रो माग लगभग सम्बोधन भएको छ' परिषद्का महासचिव योगीले भने, 'यही विधेयक पास भएको अवस्थामा हामीलाई आपत्ति हुने छैन ।'

*(स्रोत: अनलाइनखबर)*

# फिल्मसम्बन्धी संघको राजनीतिमा आर्यन




काठमाडौं/नेपालमा फिल्मकर्मीभन्दा धेरै संघ-संस्थाहरु भैसकेका छन् । फिल्मको हरेक विधामा काम गर्नेहरुको आ-आफ्नै संस्था छन् । तर, अधिकांश संस्थाहरु महाधिवेशन अर्थात् चुनावको समयमा मात्र मुख देखाउँछन् । अरु बेला अस्तित्वमा नै हुँदैनन् । फिल्म क्षेत्रमा केही समस्या देखिए 'तैं चुप मैं चुप' झैं हुन्छन् । चुनावको बेलामा भने ठूलो राजनीति हुन्छ । पार्टीगत हिसाबले जित-हार हुने गर्छ ।

अब फिल्मसम्बन्धी संघको राजनीतिमा अभिनेता आर्यन सिग्देलको पनि प्रवेश भएको छ । यसका लागि उनले चलचित्र संरक्षण मञ्च रोजेका छन् । मंगलबार काठमाडौंस्थित होटल हार्दिकमा भएको मञ्चको चौंथो चुनावी अधिवेशनबाट उनी प्रथम उपाध्यक्ष पदमा निर्विरोध चुनिएका छन् । आर्यनले पहिलो पटक फिल्मसम्बन्धी संस्थाको महत्त्वपूर्ण पदको जिम्मेवारी सम्हाल्ने मौका पाएका हुन् ।

उनी चलचित्र कलाकार संघको आजीवन सदस्य समेत हुन् । तर, कलाकार संघमा उनले कुनै पदमा उठ्ने इच्छा देखिएका छैनन् । कलाकार संघको चुनावमा बढी राजनीतिक दाउपेच हुने भएकाले पनि हुनसक्छ । पहिलो प्रयासमै चलचित्र संरक्षण मञ्चको प्रथम उपाध्यक्ष बन्न पुगेका आर्यनको अर्जुनदृष्टि अब अध्यक्ष बन्नु हो या यो अनुभवका लागि मात्र हो ? धेरैलाई चासोको विषय बनेको छ ।

मञ्चको अधिवेशनमा उनले नेपाली फिल्मको संरक्षणमा सबैले हातोमालो गरेर अघि बढ्नु पर्नेमा जोड दिएका थिए । उनका हितैषी मित्र तथा निर्देशक दिनेश राउतले पनि मञ्चमा पदाधिकारीको जिम्मेवारी पाएका छन् । उनी द्वितीय उपाध्यक्ष बनेका छन् । राउत पनि पहिलो पटक फिल्मसम्बन्धी संघको राजनीतिमा आएका हुन् । मञ्चको अध्यक्ष पदमा टिकाराम रखाल पुनः चयन भएका छन् ।

# धेरै स्टेरियोटाइप भएँ भन्ने लाग्दैन : मिरुना मगर



काठमाडौं/अभिनेत्री मिरुना मगरको जन्म हङकङमा भयो । बाल्यकाल नेपालको धरानमा वित्यो । अनि, पढाई बेलायतमा भयो । अहिले पनि उनको परिवार बेलायतमा बस्ने गर्छन् । बाल्यकालदेखि नै उनमा अभिनयप्रति रुचि थियो । आखिर एक समय रंगमञ्चमा ठूलो नाम कमाएकी शशी थापा सुब्बाकी छोरी न हुन् । आमाकै लिगेसी पछ्याउँदै मिरुनाले पनि रंगमञ्च हुँदै फिल्मसम्मको यात्रा तय गरिन् ।

फिल्म 'लालपूर्जा'बाट डेब्यूको मौका पाएकी उनले यसपछि 'रोज', 'साइनो' र 'चच हईं' फिल्ममा काम गरिन् । यो विन्दूसम्म उनको करिअर सुखद बन्न सकेको थिएन । अभिनयको प्रशंसा हुने गरेको भए पनि फिल्मको व्यावसायिक सफलता टाढा बनिरहेको थियो । फिल्म 'कबड्डी ४'ले उनलाई त्यो खुसी पनि दियो । फिल्म 'जारी'को सफलताले त उनलाई करिअरको उत्कर्षमा नै पुर्‍याएको छ ।

'कबड्डी ४'ले उनी माथिको असफलताको ट्याग पखाल्यो अनि 'जारी'ले स्टेरियोटाइपबाट मुक्त गरिदियो । नभए उनी प्रायः फिल्ममा हिरोकै वरिपरि घुम्ने पात्रको रुपमा मात्र प्रस्तुत हुँदै आएकी थिइन् । यद्यपि, उनलाई पहिला पनि आफू उतिधेरै स्टेरियोटाइप भएको भन्ने चाहिँ लाग्दैन रहेछ । करिअरको सुरुवाती समयमा गरेका हरेक फिल्म र भूमिकाप्रति मिरुना अझै पनि सन्तुष्ट र खुसी छिन् ।

यही शुक्रबारदेखि प्रदर्शन हुन लागेको फिल्म 'नाङ्गो गाउँ'को पत्रकार भेटघाटमा उनले भनिन्, 'म पहिला फिल्म गर्न नेपाल आउने र फिल्म सकिएपछि यूके गैहाल्थे । अहिले चाहिँ नेपालमै बसेर धेरै कुरा बुझ्न खोजिरहेको छु । काम गर्दै जाँदा जुन-जुन क्यारेक्टर गरेँ, त्यसमा खुसी छु । म धेरै स्टेरियोटाइप भएँ भन्ने पनि लाग्दैन । अलि-अलि त भइन्छ नै । त्यो भोलिका दिनमा पनि हुनसक्ला ।'

आफूले फरक-फरक टिमसँग विभिन्न चरित्रमा काम गर्ने मौका पाएकोमा उनी खुसी व्यक्त गर्छिन् । अहिले आफूले काम देखाउने मौका पाउँदै गएको र मेकरहरुमा पनि आफूप्रति विश्वास बढ्न थालेको मिरुनाको बुझाई छ । 'मेकरहरुमा यो क्यारेक्टर दिए मैले काम गर्न सक्छु भन्ने विश्वास बढेको होला । मलाई पनि अझै राम्रो गर्दै जान सक्छु भन्ने विश्वास बढ्दै गएको छ,' उनी दृढ सुनिइन् ।

उनको मुख्य भूमिका रहेको 'नाङ्गो गाउँ' राजनीतिक विषयवस्तुमा आधारित छ । हुकाई, बढाई र पढाई बेलायतमा भएकाले उनले नेपालको राजनीतिलाई नजिकबाट बुझ्न सकेकी थिइनन् । तथापि, उनी राजनीतिको माहोलबारे पूर्ण रुपमा अनविज्ञ पनि थिइनन् र छैनन् । 'नाङ्गो गाउँ'मा काम गरि सकेपछि भने मिरुनालाई नेपाली समाज र राजनीतिलाई थप नजिकबाट बुझ्न सघाउ मिलेको छ ।

उनी भन्छिन्, 'मैले राजनीतिलाई पूर्ण रुपमा त बुझेको छैन । बुझ्ने प्रयास चाहिँ गरेको हुन्छु । यद्यपि, राजनीतिक माहोलबारे धेरथोर जानकार छु । 'नाङ्गो गाउँ'को कथाले पनि मलाई केही हदसम्म राजनीतिबारे बुझ्न सघायो ।' फिल्मले उठाएको कथावस्तुले नेपाली समाजको वास्तविक चरित्र चित्रण गर्ने उनको विश्वास छ । यो फिल्ममा मिरुनाको जोडी अभिनेता दयाहाङ राईसँग बाँधिएको छ ।

# कर प्रणाली सुधारका लागि उच्चस्तरीय समिति गठनको तयारी



काठमाडौं/विद्यमान कर प्रणालीको सुधारका लागि सरकारले उच्चस्तरीय समिति गठनको तयारी गरेको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतकाअनुसार आगामी माघसम्म प्रतिवेदन बुझाउने गरी एक उच्चस्तरीय समिति गठन गर्ने तयारी सरकारको छ ।

चालु आर्थिक वर्षको बजेटमा कर प्रणालीको सुधार अन्तर्गत विद्यमान कर प्रणालीबारे अध्ययन गरी सुधारको सुझाव दिन उच्चस्तरीय समिति गठन गर्ने उल्लेख थियो । अर्थ मन्त्री महतकाअनुसार यस्तो समितिले दिएको सुझावलाई आधार मानेर आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माण गरिने छ ।

'यसअघि बजेटका बेला सुझाव दिन नियमित रुपमा गठन गर्ने एउटा समिति छ,' उनले भने, 'तर, हामी छुट्टै उच्चस्तरीय आयोग गठन गर्दैछौं, यसले दिने सुझावलाई आगामी बजेटमा समटेर जाने तयारी छ ।'

सरकारले चालु आर्थिक वर्ष २०८०/८१ का लागि अघिल्लो आव २०७९/८० मा संकलन भएको राजस्वको तुलनामा करीव ४० प्रतिशत बढी कर संकलन गर्ने गरी लक्ष्य राखेको छ । यो लक्ष्य भेटाउन सरकारले करमा नयाँ नयाँ क्षेत्र खोज्ने प्रयास गरेको छ । यसअन्तर्गत केही नयाँ क्षेत्रहरुमा भ्याट लगाएपछि सरकार आलोचित समेत बनेको थियो ।

सरकारले भने करलाई समसामयिक बनाउन र दरभन्दा दायरा फराकिलो बनाउन नयाँ क्षेत्रमा कर खोजिरहेको बताएको छ ।

यीसहित कर सम्बन्धमा उठेका गुनासो, विद्यमान प्रावधान तथा यससँग सम्बन्धित विषयमा अध्ययन गर्न सरकारले उच्चस्तरीय समिति गठन गर्न लागेको अर्थ मन्त्रालयले जनाएको छ ।

**१० वर्षअघि गरिएको थियो यस्तै अध्ययन**

यसअघि नेपाल सरकार ले १० वर्षअगाडि यस्तै समिति गठन गरी करसम्बन्धी अध्ययन गरेको थियो । उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग २०७१ गठन गरी सरकारले कर प्रशासनको अध्ययन गरेको थियो ।

सरकारले सो बेला कर विज्ञ रुप खड्काको अध्यक्षतामा यस्तो आयोग गठन गरेको थियो । प्रतिवेदन तत्कालीन अर्थमन्त्री डा. रामशरण महतले बुझेका थिए । त्यसयता मुलुक संघीयतामा प्रवेश गरेको छ । तर, सरकारले पटके रुपमा दिने सुझावबाहेक कर सम्बन्धमा थप अध्ययन भएको छैन ।

# अनुमतिविना प्रहरी पोशाक प्रयोग नगर्न हेडक्वार्टरको चेतावनी



काठमाडौं/चलचित्र, टेलिचलचित्र, म्यूजिक भिडियो तथा फेसबुक, टिकटक लगायतका लागि भिडियो बनाउने प्रयोजनका लागि अनुमति नलिइ पोशाक प्रयोग नगर्न नेपाल प्रहरीले भनेको छ ।

प्रहरीको पोशाकको दुरुपयोग गरेको भन्दै प्रहरी प्रधान कार्यालय, नक्सालले विज्ञप्ति जारी गरेर प्रहरीको श्रव्यदृश्य शाखामा स्वीकृति लिएर मात्र प्रयोग गर्न भनेको छ ।

प्रहरी प्रवक्ता कुवेर कडायतले हस्ताक्षर गरेको विज्ञप्तिमा भनिएको छ, 'पूर्व स्वीकृति नलिई वा स्वीकृत प्रयोजन तथा स्क्रिप्ट अनुसारबाहेक अन्य कुनै पनि प्रयोजनका लागि नेपाल प्रहरीले प्रयोग गर्ने पोशाक र त्यसमा प्रयोग हुने दर्ज्यानी चिह्न तथा प्रहरीको मोनोग्राम प्रयोग गराउन हुन स्पष्ट पार्दछौं ।'

प्रहरी कर्मचारीले आफ्नो जिम्मेवारी पूरा गर्दा उनीहरुको व्यवसायिकता र मनोबलमा ह्रास ल्याउने कार्य तथा अभिव्यक्ति नदिन पनि प्रहरी प्रधान कार्यालयले भनेको छ ।

'यस किसिमका कुनै पनि कार्य भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यवहोरा समेत सर्वसाधारण सबैको जानकारीका लागि अनुरोध छ', प्रहरीको विज्ञप्तिमा भनिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# अर्थ मन्त्रालयका ५५ जना कर्मचारीको एकैसाथ सरूवा

काठमाडौं/अर्थ मन्त्रालयले ५५ जना कर्मचारीको एकैसाथ सरूवा गरेको छ । मन्त्रालयका अनुसार अर्थ प्रशासनभित्र कर अधिकृतहरुको एक साथ व्यापक हेर फेर गरिएको हो ।

जसमा मन्त्रालयबाट उपसचिवहरुलाई कर कार्यालयमा खटाइएको छ भने कतिपय उपसचिवहरुको कार्यालय परिवर्तन गराइएको छ । मन्त्रालयले यसलाई नियमित सरुवा समेत भनेको छ ।

मन्त्रालयले इन्द्रबहादुर देवकोटालाई अर्थबाट ठूला करदाता कार्यालयमा पठाएको छ । चुडाराज सापकोटालाई आन्तरिक राजस्व कार्यालय जोरपाटीको जिम्मेवारी दिइएको छ ।

आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वरको जिम्मेवारी राजुप्रसाद प्याकुलरेललाई दिइएको छ । उनी यसअघि आन्तरिक राजस्व विभागमा थिए ।

# ११ वर्षपछि बागलुङमा चार पाङग्रेको ट्रायल



पोखरा/११ वर्षपछि बागलुङमा फेरि चारपाङग्रे सवारी साधनको चालक अनुमतिपत्र (लाइसेन्स) परीक्षाको प्रयोगात्मक परीक्षा (ट्रायल) सुरु भएको छ ।

२०६९ सालमा सरकारले ट्रायलको नयाँ मापदण्ड ल्याएपछि जग्गाको अभावले रोकिएको चार पांग्रेको प्रयोगात्मक परीक्षा बुधबार फेरि सुरु भएको हो ।

साविकको धौलागिरि अञ्चललाई केन्द्रमा राखेर बागलुङमा चारपांग्रेको ट्रायल रोकिएपछि त्यस क्षेत्रका बासिन्दा यही कामका लागि पोखरा आउनुपर्ने थियो । सेवाग्राहीको चापले पोखरामा प्रयोगात्मक परीक्षा सकसपूर्ण, झन्झटिलो र ढिलासमेत भएको धेरैको गुनासो थियो ।

गण्डकीका भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जालीले बागलुङमा फेरि चार पांग्रेको ट्रायल सुरु गर्न पहल सुरु गरेका थिए । अहिले त्यहीँको निजी ड्राइभिङ सेन्टर सँग सम्झौता गरी चारपांग्रेको परीक्षा सुरु गरिएको हो ।

बागलुङ नगरपालिका-१ रामरेखामा ट्रायल सेन्टर लिइएको छ । दुईपाग्रेको 'ट्रायल' परीक्षा पनि सोही ठाउँमा सञ्चालन हुँदै आएको यातायात व्यवस्था कार्यालयका प्रमुख पारसिङ थापाले जानकारी दिए ।

कार्यालयको आफ्नै जग्गा नभएका कारण प्रयोगात्मक 'ट्रायल' परीक्षाका लागि ड्राइभिङ इन्स्टिच्युटले बनाएको संरचना भाडामा लिएको हो । चार पांग्रेको ट्रायल सुरुआत गर्दै यातायात व्यवस्थामन्त्री जुग्जालीले बागलुङबाट चारपाङ्गे सवारी चालक अनुमतिपत्रको परीक्षा सञ्चालन हुँदा सिंगै धवलागिरि क्षेत्र लाभान्वित हुने बताए ।

यातायात व्यवस्था कार्यालय पोखरामा विचौलिया निर्मुल गर्ने अभियानै सुरु गरिएको र बागलुङको ट्रायलमा पनि त्यो कल्पना नगर्न मन्त्री जुग्जालीले निर्देशन दिए ।

'दुख नगरी लाइसेन्स पाइन्छ कि भनेर सेवाग्राहीले पनि नसोच्नु होला । कास्कीमा धेरै सुधार गरेका छौं, तनहुँको डुम्रेमा पनि राम्रो भइरहेको छ, नवलपुरमा पनि निर्देशन गरेका छौं', मन्त्री जुग्जालीले भने, 'बागलुङमा पनि दुई वटा काम गर्दै नगर्नुहोला । एउटा बिचौलियालाई प्रवेश गराउने काम गर्दै नगर्नु, अर्को २/४ पैसाको लोभमा लाइसेन्स दिन सकिन्छ कि नसोच्नुहोला ।'

अहिलेको प्रविधिको जमानामा सबै परीक्षा सरकारको निगरानीमा हुने र प्रत्येक काम अहिले जनताको निगरानी रहने मन्त्री जुग्जालीको भनाइ थियो । मन्त्री जुग्जालीले जनता प्रत्यक्ष जोडिने यातायात क्षेत्र सुधार नहुँदा व्यवस्थामाथि नै प्रश्न उठ्ने गरेको र त्यसको चित्र बदल्नुपर्ने बताए ।

बागलुङमा यसअघि (ए) र (के) वर्ग (दुई पाङ्गे) को मात्र परीक्षा सञ्चालन हुने गरेको थियो । बागलुङसहित पर्वत, म्याग्दी र मुस्ताङका सेवाग्राहीलाई चारपांग्रेको लाइसेन्सका लागि पोखरा लगायतका स्थानमा पुग्नुपर्ने बाध्यता हट्ने सेवाग्राहीको विश्वास छ । बुधबार मात्रै पहिलो पटक १०७ जना प्रयोगात्मक परीक्षामा सहभागी भएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्मको नयाँ शीर्षकमा सन्तुष्ट छु : झरना थापा

काठमाडौं/फिल्म 'एक भगवत् गीता' नामलाई लिएर उत्पन्न विवाद टुंगिसकेको छ । केही हिन्दूवादी संस्थाहरुले धर्मग्रन्थ 'श्रीमद्भगवद गीता'को नाममा फिल्म निर्माण गरेकोमा आपत्ति जनाउँदै शीर्षक परिवर्तन गरिनुपर्ने माग राखेका थिए । आइतबार चलचित्र विकास बोर्डको रोहवरमा फिल्मको टिम र धार्मिक संगठनहरुबीच 'एक भागवत र एक गीता' शीर्षकमा सहमति जुटेपछि विवाद टुंगिन पुगेको हो ।

निर्माण पक्ष फिल्म प्रदर्शनको मुखमा रहेकाले शीर्षक परिवर्तन नगर्ने अडानमा थियो । तर, विवादबीच फिल्म प्रदर्शन गर्दा हुनसक्ने दुर्घटनाबाट बच्न निर्माण टिम लचिलो बन्यो । मंगलबार फिल्ममा समावेश मैथिली भाषाको गीत 'झिँझिँया' सार्वजनिक कार्यक्रममा निर्देशक झरना थापाले नयाँ शीर्षकमा आफू सन्तुष्ट रहेको बताएकी छन् । साथै, उनले कसैप्रति चित्तदुखाई पनि नरहेको बताइन् ।

झरनाले भनिन्, 'म नयाँ शीर्षकमा एकदमै सन्तुष्ट छु । किनकि, हामी शीर्षकबाट बाहिर निस्कनु परेन । शीर्षकमै भएको कुरालाई मिलाइयो । त्यसका लागि म खुसी छु । मलाई 'एक भागवत र एक गीता' भन्नका लागि समस्या छैन ।' उनले फिल्मको शीर्षकलाई लिएर भएको विवादको समयमा फिल्मकर्मीसँगै चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीको पनि साथ मिलेको जिकिर गरिन् ।

शीर्षकलाई लिएर विवाद चलिरहँदा कतिपयले त्यसलाई फिल्म प्रचारको फण्डाको रुपमा समेत टिप्पणी गरेका थिए । तर, निर्माता सुनिल कुमार थापा आफूले फण्डा नगरेको दाबी गर्छन् । 'फण्डा नै गर्ने भए बोर्डमा किन रुनुपर्थ्यो र ? विगतमा फण्डा गरेर फिल्म चलाएको हामीले प्रशस्त देखेका छौं । त्यही भएर हामीलाई पनि त्यसरी नै सोचियो होला । तर, त्यो फण्डा थिएन,' उनले प्रष्ट पारे ।

निर्माता थापाले फिल्मको शीर्षक परिवर्तन हुँदा दुःख लागे पनि खुसी हुनुपरेको बताए । उनले भने, 'हामीले 'एक भगवत् गीता'लाई छाडेर 'एक भागवत र एक गीता' राख्नुपर्‍यो । नामबाट कृष्णजीको मुरली र मयूरको प्वाँख नै हटाउनुपर्‍यो । मनमा दुःख भए पनि खुसी भएर बाँच्नुपरेको छ ।' उनले विवाद मिलाउन बोर्ड अध्यक्ष भुवन केसीले सहयोग गरेको र कुनै गुनासो नभएको पनि बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कुन्छाल-कुलेखानी सडकको कार्यविवरण मागियो



साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ मकवानपुर थाहानगरको कुन्छाल-कुलेखानी सडक निर्माण अनुगमन समितिले सडक स्तरोन्नती कार्यको विवरण माग गरेको छ । थाहा नगरपालिका वडा नम्बर १ र ६ क्षेत्रमा पर्ने सडकको कार्यविवरण उपलब्ध गराउन स्थानीय राजनीतिक दल र सरोकारवालालाई कार्यविवरण जानकारी गराउन आग्रह गर्दै थाहा नगरपालिकालाई समन्वय गरिदिन आग्रह गरेको हो ।

थाहा नगरपालिकाको कार्यालयमा कुन्छाल-कुलेखानी सडक निर्माण अनुगमन समितिका सदस्यहरुले नगरप्रमुख बिष्णुबहादुर बिष्टकै कार्यकक्षमा भेट्दै निर्माण कम्पनीसँग प्राविधिक डिजाइन र स्टमेट समेत उपलब्ध गराउन सहजीकरणको लागि अनुरोध गरेको अनुगमन समितिका संयोजक ईन्द्रबहादुर श्रेष्ठले बताए । निर्माण कार्य भैरहेको क्षेत्रमा नगर पालिकाबाट प्राविधिक कर्मचारी समेत उपलब्ध गराई कामको गुणस्तर अनुगमन गर्न नगरलाई अनुरोध गरिएको श्रेष्ठले बताए ।

भेटमा नगरप्रमुख बिष्टले निर्माणकार्यको नगरपालिकाले आफ्नो तरिकाले अनुगमन गरिरहेको बताउदै स्टमेट अनुसार कार्य गराउन थाहा नगरपालिकाले सघन सहरी विकास कार्यालयसँग समन्वय गरिरहेको जानकारी दिए । स्थानीय स्तरको अनुगमनले पनि गुणस्तरीय काम गरे नगरेको हेर्न नगरप्रमुख बिष्टले आग्रह गरेका छन् ।

संयोजक श्रेष्ठसहित सानुकाजी गोपाली, महेश्वर सुवेदी, श्यामकृष्ण जोशी, योगेन्द्रमान श्रेष्ठ, मनहरी भट्ट, प्रमोद गोपालीको उपस्थित रहेको थियो । समितिले थोप्ले डाँडादेखि बासको झ्याङसम्म १० मिटर, बासको झ्याङदेखि दुप्चेबजार पुलसम्म १४ मिटर र दुप्चे पुलदेखि बाँकी भाग १० मिटर सडक स्तरोन्नति गर्ने जनाएको छ ।

# मनहरीबाट लागूऔषध सहित एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ मकवानपुर प्रहरीले बुधबार बिहान लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ । प्रहरीले जिल्लाको मनहरी गाउँपालिका-७ प्याङ्चेबाट अवैध लागूऔषध गाँजा ३ किलो ७ सय ८५ ग्रामसहित एकजनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा पर्साको छिपरमाई गाउँपालिका-५ बस्ने ५४ वर्षीय रंभु राउतकुर्मी रहेका छन् । उनलाई ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । प्रहरीका अनुसार, चैनपुर बाट मनहरीतर्फ आउँदै गरेको प्रदेश ३-०३-००१ ह ०१३२ नम्बरको अटोमा सवार उनलाई जाँच गर्ने क्रममा झोलामा लुकाई छिपाइ ल्याएको गाँजा फेला परेपछि पक्राउ गरिएको हो । पक्राउ परेका उनीमाथि आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

यसैगरी, पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडाबाट वीरगञ्जतर्फ जाँदै गरेको सुमोबाट बुधबार बिहान लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरिएको छ ।

विशेष सूचनाको आधारमा प्रहरीचौकी रातोमाटे र सशस्त्र प्रहरी बलबाट खटिएको टोलीले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा चितवन भरतपुर महानगरपालिका-२४ बस्ने ३३ वर्षीय संगम गुरुङ र बारा सुवर्ण गाउँपालिका-२ कबहिगोठ बस्ने १५ वर्षीय किशोर रहेका छन् । प्रहरीका अनुसार ना १ ज ३६७७ नम्बरको सुमोको सिटमुनी ४ वटा पोकामा लुकाई राखेको अवस्थामा ३० केजी गाँजा फेला पारी चालक संगम र सुमोमा सवार किशोरलाई पक्राउ गरेको हो ।

# चुनियाँ-नामटार सडक स्तरीकरण हुँदै



साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ मकवानपुरको चुनियाँ-नामटार-कालिकाटार सडक आयोजना ५ करोड लागतमा पुननिर्माण गरिदै छ । चालु आर्थिक वर्षमा यो सडक आयोजना पुननिर्माण गर्न लागिएको हो ।

वर्षा लागेपछि जतातते समस्या भोग्दै आएका मकवानपुरको कैलाश गाउँपालिकाका नागरिकलाई सहज बनाउनका लागि यो सडक स्तरीकरण गर्न लागिएको बताइएको छ ।

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर गत पूर्वाधार विकास कार्यालय चितवनले यो सडक निर्माण गर्न लागेको हो ।

चुनियाँदेखि कालिकाटार सम्म हिउँदयाममा राम्रोसंग कच्चि बाटोबाट सञ्चालन भइरहे पनि बर्षा याममा बाढी र पहिरोका कारण यहाँका नागरिकले सास्ती बेहोर्नु परेको छ । ५ करोड रुपैयाँ लागतमा सडक स्तरीकरण गर्न लागिएको पूर्वाधार विकास कार्यालय चितवनले जनाएको छ ।

# मकवानपुरसहित सबै जिल्लामा प्रदेशले ३ दिन संविधान दिवस मनाउने



साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ बागमती प्रदेश सरकारले संविधान दिवस ३ दिनसम्म मनाउने भएको छ । २०८० मा संविधान दिवस विविध कार्यक्रम आयोजना गरी ३ दिन मनाइने आन्तरिक मामिला तथा कानूनमन्त्री एवम् सरकारका प्रवक्ता गंगानारायण श्रेष्ठले जानकारी दिए ।

प्रदेशमा संविधान दिवस मनाउन मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको नेतृत्वमा ४७ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ । दिवसको अवसरमा प्रदेशका सवै जिल्लामा स्वास्थ्यपरीक्षण, वृक्षरोपण, विविधता झल्कने झाँकी, प्रभातफेरी लगायत कार्यक्रम गरिनेछ । प्रदेश स्वास्थ्य मन्त्रालयले असोज २ गते प्रदेशको १३ वटै जिल्लामा मधुमेह तथा रक्तचाप निःशुल्क परीक्षण शिविर र हेटौंडामा रक्तदान कार्यक्रम गर्ने छ । यसैगरी सोही दिन वन तथा वातावरण मन्त्रालयले १३ वटै जिल्लामा वृक्षरोपण गर्ने कार्यक्रम तय भएको प्रवक्ता श्रेष्ठले बताए ।

यस्तै, असोज ३ गते हेटौंडाको बुद्धचोकबाट बजारक्षेत्रमा प्रादेशिक विविधता झल्कने गरी झाँकीसहित बाजागाजा गर्ने, मार्चपास तथा प्रभातफेरी कार्यक्रमको आयोजना गरिने छ । यसैगरी, असोज ४ गते विषेश कार्यक्रमको आयोजना गर्दै पुरस्कार वितरण तथा समापन कार्यक्रम गरिने उनले जानकारी दिए ।

असोज २, ३ र ४ गते प्रदेशका मन्त्रालय तथा अन्य कार्यालय र सार्वजनिक स्थानको सरसफाइ गर्ने, तीनै दिन सार्वजनिक एवम् सामुदायिक संघसंस्था, शैक्षिक प्रतिष्ठान तथा निकायले दीपावली गर्ने छन् भने सार्वजनिक निकाय र सार्वजनिक स्थलको हकमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले राष्ट्रिय झण्डा फहराइने उनले बताए ।

# शिखर इन्स्योरेन्सको थाहामा वित्तीय साक्षरता




साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/ समाजका लक्षित वर्ग, बालबालिका, महिला, किसान, जेष्ठनागरिक आदिसँगै आमनागरिकलाई बीमाका बारेमा बुद्धिमतापूर्ण निर्णय लिन सक्ने अवस्थामा पुऱ्याउन शिखर इन्स्योरेन्स पालुङ शाखाले बित्तीय साक्षरता प्रदान गरेको छ ।

नेपाल लाइफ इन्स्योरेन्स पालुङ उपशाखाको शाखाप्रबन्धक नरहरि पौडेलको सभापतित्व तथा थाहा नगरपालिका-४ का वडाअध्यक्ष नारायण लामाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिका पशुशाखाकी मनिषा कटुवालमगर, मंगलदीप बचत तथा ऋण सहकारीका व्यवस्थापक गणेश बिष्ट, प्रभु बैंक पालुङ शाखाका शाखा प्रमुख आशिष गौतम, पालुङ बहुउद्देश्यीय सहकारीका व्यवस्थापक प्रकाश पौडेल, सहव्यवस्थापक रामप्रसाद ढकाल लगायत स्थानीय कृषक तथा व्यवसायीको उपस्थिति रहेको थियो ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको सभाहलमा सम्पन्न कार्यक्रममा बीमा सेवाप्रदायक निकायको संस्थागत प्रणालीगत सुधार, कृषि लघुउद्यम बीमा सेवामा पहुँच र घुम्ती बीमाजस्ता कार्यक्रम समेटिएका छन् । त्यसको सही ढंगबाट कार्यान्वयन गर्नको निम्ति साक्षरता कार्यक्रमको आयोजना गरेको शिखर इन्स्योरेन्स पालुङ शाखाका शाखाप्रबन्धक कर्मज्ञान अधिकारीले बताए । अधिकारीले बीमा जनचेतना मात्र होइन, उसले आफ्नो जीवन र सम्पत्तिको जोखिम हस्तान्तरण गर्ने चेतनासँगै जागरुकता जगाउन बीमा साक्षरताको आबश्यकता रहेको बताए ।

# टेबल टेनिस र सटपुट प्रतियोगितामा श्रीजन र श्रीस्ती प्रथम




साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/हेटौंडा क्याम्पसमा टेबल टेनिस र सटपुट प्रतियोगिता समापन भएको छ । स्नातक तह चौथो वर्ष बिएड अन्तर्गत मुख्य बिषय स्वास्थ्य तथा शारीरिक शिक्षा लिई अध्ययनरत विद्यार्थीको समूह प्रोजेक्ट मिट संचालन समितिको आयोजनामा मंगलबार सम्पन प्रतियोगितामा श्रीजन र श्रीस्ती प्रथम भएका हुन् ।

स्नातक तह तेस्रो वर्षको प्रयोगात्मक परीक्षा अन्तर्गत हेटौंडा क्याम्पसका कक्षा ११ मा अध्ययनरत विद्यार्थीलाई टेबल टेनिस र सटपुट खेल प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगितामा टेबल टेनिस अन्तर्गत प्रथम स्थान श्रीजन पुडासैनीले हात पारेका छन् । बिपिन खड्काले दोस्रो स्थान हासिल गरेभने तेस्रो स्थानमा अनमोल छेत्री रहेका छन् । त्यस्तै सटपुट प्रतियोगितामा श्रीस्ती घलान प्रथम भएकी छन् भने दोस्रो स्थानमा सबिना वाइबा र तेस्रो स्थानमा उषा घलान रहेकी छिन् ।

कार्यक्रमको सभाअध्यक्षता तिलकबहादुर पाखिन रहेका थिए । प्रमुख अतिथिमा हेटौंडा क्याम्पसका निमित्त क्याम्पस प्रमुख बालकृष्ण शर्मा रहेका थिए । अतिथिहरुमा क्याम्पसका संकाय प्रमुख मनोज पोखेल, नेपाली बिषय विभागीय प्रमुख गोविन्द पोखेल, क्याम्पसका स्ववियु अध्यक्ष अभि मैनाली रहेका थिए ।

# बकैयाको फुटबल प्रतियोगितामा जिल्ला खेलकुदको सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २७ भदौ/बकैया गाउँपालिका-८, बङ्दा खेलमैदानमा बुधवारबाट सुरु खुल्ला नकआउट फुटबल प्रतियोगितामा जिल्ला खेलकुद विकास समितिले सहयोग गरेको छ ।

कोन्ज्योसोम अनलाइन टिभीको आयोजनामा भएको प्रथम खुल्ला नकाउट फुटबल प्रतियोगितामा बागमती-७ र पहरे युनाइटेडले विजयी सुरुवात गरेको छ । प्रतियोगिताको उद्घाटनसँगै जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीले आयोजकलाई खेलकुद सामग्रीअन्तर्गत् शिल्ड र ट्रफी उपलब्ध गराएका हुन् । प्रतियोगिताको प्रथम र द्वितीय हुनेलाई जिल्ला खेलकुदले सौजन्यमार्फत शिल्ड र ट्रफी सहयोग गरेको अध्यक्ष भेष खड्कीले जानकारी दिए । कोन्ज्योसोम अनलाइन टिभिका अध्यक्ष सोयल लामालाई अध्यक्ष खड्गी, समितिका प्रमुख माधव कोइराला र सदस्य आलोक स्याङ्तानले शिल्ड, ट्रफी हस्तान्तरण गरेका थिए ।

जिल्ला खेलकुद विकास समितिले मकवानपुरगढी-२, स्थित उद्यमशील युवा क्लबलाई पनि बल सहयोग गरेको छ । यसैगरी, फुटबल प्रतियोगिताअन्तर्गत् बागमती-७ ले कोन्ज्योसोमलाई १-० गोलको अन्तरले पराजित गरेको छ । बागमतीका लागि विकास भोलनले १ गोल गरे । बुधवार भएको दोस्रो खेलमा पहरे युनाइटेड विजयी भएको छ । पहरे युनाइटेडले सिमातमाइलाई १-० गोल अन्तरले पराजित गरेको हो । पहरे युनाइटेडका आयोश कार्की १ गोल गरेका हुन् । प्रतियोगितामा २२ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगितामा प्रथम हुनेलाई ५० हजार, द्वितीय हुनेलाई नगद ३० हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

# सरकारले ५० प्रतिशत भन्सार छुटमा २० हजार टन चिनी ल्याउने

काठमाडौं, २७ भदौ/सरकारले मुख्य चाडपर्वलाई लक्षित गर्दै भन्सार सहुलियतमा २० हजार टन चिनी आयात गर्ने भएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा २० हजार टन चिनी आयातमा ५० प्रतिशत भन्सार छुट दिने निर्णय भएको अर्थ मन्त्रालयले जनाएको छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङले १०-१० टन चिनी आयात गर्नेगरी भन्सार छुटको निर्णय भएको मन्त्रालयका प्रवक्ता धनीराम शर्माले बताए ।

'चिनीमा ३० प्रतिशत भन्सार महसुल लाग्छ । मन्त्रालयले २० हजार टन चिनी आयात गर्न दुई कम्पनीलाई ५० प्रतिशत भन्सार महसुल छुट दिने निर्णय गरेको छ,' शर्माले भने, 'अब १५ प्रतिशत भन्सार महसुलमा चिनी ल्याउन पाउने छन् ।'

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले चाडपर्वका लागि भन्दै ६० हजार चिनी आयातको अनुमति माग गरेको थियो ।

तर, नेपाली बजारमा चिनी रहेको र बजार मूल्यमा हस्तक्षेपका लागि सो परिमाणमा चिनीको भन्सारमा सहुलियत दिएको अर्थ मन्त्रालयले जनाएको छ ।

नेपाली बजारमा अहिले चिनीको थोक मूल्य १०५ रुपैयाँ छ । तर, बजारमा खुद्रामा ११५ रुपैयाँसम्ममा चिनीको बिक्री भइरहेको छ ।

# कुकुर र बिरालोको बन्ध्याकरण गर्दै काठमाडौं महानगरपालिका

काठमाडौं, २७ भदौ/ काठमाडौं महानगरपालिकाले कुकुर र बिरालोको बन्ध्याकरण गर्ने भएको छ । महानगरपालिकाको कार्यपालिका वैठकमा सडकमा कुकुर आतंक सिर्जना भएको भन्दै बारम्बार गुनासो गरेपछि कुकुर र बिरालोको बन्ध्याकरण बृहत बनाउने तयारी गरेको हो ।

महानगरका कृषि तथा पशुपन्छि विभागका प्रमुख डा.अवधेश झाका अनुसार कुकुर र बिरालोको भ्याक्सिनेसन र बन्ध्याकरणको लागि इच्छुक फर्महरुलाई १५ दिनभित्र सम्पर्क गर्न आग्रह गरेको छ ।

'अहिले एटा संस्थाले महानगर मार्फत भ्याक्सिनेसन र बन्ध्याकरण गर्दा खासै प्रभावकारी भएको छैन अब हामीले एकैचोटी धेरै फर्म तथा संस्था मार्फत काम गर्दै छौं', झाले भने ।

महानगरपालिकाले काम गर्न इच्छुक संस्थाहरुलाई कुकुर तथा विरालोको खोप भ्याक्सिनेसन र बन्ध्याकरणको लागि २ हजार ५ सय रुपैयाँ प्रस्ताव गर्न भनेको छ भने खोप भ्याक्सिनेसनको मात्रैको लागि २ सय रुपैयाँ प्रस्ताव गर्न भनेको छ ।

महानगरपालिकाले फर्म वा संस्थालाई खोप भ्याक्सिनेसन र बन्ध्याकरण गरेवापत उक्त रकम दिने झाले बताए ।

'संस्थाहरुले काम गरेको अनुगमन गरेर प्रमाणित भएपछि सोही अनुसार महानगरले प्रस्तावित रकम दिन्छ, यो पटक ८ वटा भन्दा बढी संघ संस्थाहरु आउने अनुमान गरेका छौं', झाले भने ।


## प्रेस विज्ञप्ती

नेपाल औषधी व्यवसायी संघ औषधी व्यवसायीहरुको छाता संगठन हो । संघले स्थापना कालदेखिनै स्वास्थ्य सेवामा सहयोग पुयाईरहेको सम्पूर्णमा जानकारी नै छ । बुधबार विहानीको उपचार गरिरहेको क्रममा हेटौंडा उपमहानगरपालिका १ स्थित भिन्तुनापथमा रहेको सन्चो हस्पिटलमा डा. विकास थापा र डा. प्रशान्त विडारीमाथि एक उच्छृंखल अज्ञात समूहबाट भएको सांघातीक हमलाको यस संस्था घोर भत्सर्ना गर्दछ । हेटौंडाले स्वास्थ्य क्षेत्रमा क्रमिक फड्को मारिरहँदा भएको यस किसिमको गतिविधिले स्वास्थ्य क्षेत्रमा गम्भीर असर पु-याउँछ ।

तसर्थ स्वास्थ्य जस्तो आकस्मिक र संवेदनशिल क्षेत्रमा भएको यस घटनामा संलग्न हरुलाई पक्राउ गरी हदैसम्मको कारवाहीको माग गर्दछौं । स्वास्थ्यकर्मी र औषधी व्यवसायीको सुरक्षाको ग्यारेन्टी नभएको खण्डमा हामी आन्दोलनमा समेत उत्रने चेतावनी समेत दिन चाहान्छौं ।

**नेपाल औषधी व्यवसायी संघ**
जिल्ला शाखा, मकवानपुर, नेपाल



## साधारण सभा तथा अधिवेशन सम्बन्धी सूचना

यस सहकारी संस्था लि. को निर्वाचन सहितको २३ औं बार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा आदरणीय शेयर सदस्यज्यूलाई एस.एम.एस. सामाजिक संजाल, एफ.एम रेडियोबाट जानकारी गरिसकेका छौं । यदि बिशेष कारणवश सूचना प्राप्त नगर्नुभएको भए यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थिति भईदिनु हुन शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मितिः- २०८० भाद्र ३० गते शनिवार
समयः- बिहान १०:०० बजे
स्थान :-रोयल पार्टी प्यालेस, हेटौंडा-४ मेनरोड

**नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौडा-२, मकवानपुर



## १५ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस नवयुवा बचत तथा ऋण सहकारी संस्था लि. को १५ औं बार्षिक साधारणसभा तपसिलका मिति, समय र स्थानमा हुने भएको हुँदा शेयर सदस्यज्यूहरुलाई पत्रचार गरिसकेका छौं । यदि विशेष कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थिति भईदिनु हुन सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मितिः- २०८० भाद्र ३० गते शनिवार
समयः- बिहान ०९:०० बजे देखि २:३० बजे सम्म
स्थान :- श्री त्रिभुवन माध्यमिक विद्यालयको प्राङ्गण ।
(नोटः साधारण सभामा परिचय पत्रसहित स्वयम् उपस्थित हुने शेयर सदस्यज्यूहरुलाई रु. ५८८। (कर सहित) यातायात खर्च सदस्यको बचत खातामा उपलब्ध गराइनेछ ।)

अध्यक्ष : फूलमान श्रेष्ठ
**नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौडा उपमहानगरपालिका-११, मकवानपुर
फोन नं. : ०५७-५२४७३४


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना